# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड५ )जनकपुरधाम,नेपाल, मंसिर ०६ गते,२०७८ साल(अतिरिक्ताङ्क २(क)

भाग २

प्रदेश सरकार

अर्थ मन्त्रालय

## प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७८

<u>प्रस्तावना</u> : स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को

दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "ऐन" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालय सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. २ लाई सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(ङ) “सशर्त अनुदान” भन्नाले प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

३. <u>सशर्त अनुदान प्रदान गरिने क्षेत्र</u>ः प्रदेश सरकारले देहायका कुनै क्षेत्र, योजना तथा कार्यक्रमको लागि स्थानीय तहहरुलाई सशर्त अनुदान प्रदान गर्न सक्नेछः-

(क) पूर्वाधार विकासका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु,

(ख) स्थानीय तहको शैक्षिक विकासको लागि सञ्चालन गरिने शैक्षिक योजना तथा कार्यक्रमहरु,

(ग) आधारभूत स्वास्थ्य सेवा सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(घ) स्थानीय तहको सन्तुलित विकासका लागि सञ्चालित योजना तथा कार्यक्रमहरु,

(ङ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेद न्यूनीकरण गर्नको लागि सञ्चालित योजना तथा कार्यक्रमहरु

(च) प्रदेश सरकारले आवश्यक ठानेका अन्य कार्यक्रमहरु,

४. **<u>सशर्त अनुदान प्रदान नहुने क्षेत्र</u>** : (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भएता पनि देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलव्ध गराइने छैनः-

(क) राजनीतिक दल विशेषको खास उद्देश्य पूरा हुने राजनीतिक प्रकृतिका तथा धार्मिक उद्देश्य पूरा हुने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ख) तलब, भत्ता, मसलन्द,मर्मत सम्भार,परामर्श सेवा लगायतका प्रशासनिक खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रमहरु,

(ग) विभेदमा परेका वर्ग, क्षेत्र तथा समुदाय बाहेक सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु,

(ङ) घाटा बजेट पूर्ति गर्ने स्रोतको रुपमा उपयोग गर्न ,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको योजना तथा कार्यक्रमहरु,

(छ) अन्य अनुदान तथा स्रोतबाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका योजना तथा कार्यक्रमहरु,

(२) कूल लागत गाउँपालिका तथा नगरपालिकाको लागि रु. २५ लाख, उपमहानगरपालिका तथा महानगरपालिकाको लागि रु. ५० लाख भन्दा कम भएका योजना तथा कार्यक्रमहरुको लागि सशर्त अनुदान प्रदान गरिने छैन।

५. <u>आयोजना तथा कार्यक्रम छनौट</u> : (१) सशर्त अनुदानबाट स्थानीय तहमा संचालन गर्ने आयोजना तथा कार्यक्रमको छनौट प्रदेश सरकारले ऐनको दफा ५ को उपदफा (१) बमोजिम आवश्यकता र औचित्यको आधारमा पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्तिसँग सम्बन्धित विषयमा छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना तथा कार्यक्रमहरु पहिचान एवं छनौट गरी पेश गर्दा देहायका बिषयहरु अनिवार्य रुपमा खुलाउनु पर्नेछ :-

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रमको सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेट विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विषयहरु

(३) उपदफा (१) वमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोत, समानीकरण अनुदान तथा विशेष अनुदानबाट संचालित योजना तथा कार्यक्रमहरु र विगतमा सम्पन्न भएका अन्य योजना तथा कार्यक्रमहरु सँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(४) योजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, सो बाट लाभान्वित

सम्भाव्य जनसंख्या, सम्बन्धित क्षेत्रका जनताको आयस्तर बृद्धि गर्ने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरिबी न्यूनीकरण गर्न सहयोग पुग्ने, रोजगारी सृजनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने तथा सन्तुलित विकासलाई टेवा पुग्ने किसिमले छनौट गर्नु पर्नेछ।

(५) विषयगत मन्त्रालयले स्थानीय तह लगायतको सवै सरोकारवालाहरुको माँगको आधारमा आयोजना तथा कार्यक्रमहरु पहिचान एवं छनौट गरी प्रत्येक आर्थिक वर्षको  माघ मसान्त भित्र अनुसूची -१ बमोजिमको ढाँचामा तयार गरी प्रदेश नीति तथा योजना आयोगमा पठाउनुपर्नेछ। प्रदेश नीति तथा योजना आयोगले अर्थ मन्त्रालयबाट प्राप्त हुने अनुदानको सीमा भित्र रही विषयगत मन्त्रालयहरुबाट सिफारिश भई आएका योजनाहरु शर्सत अनुदानको कार्यक्रमहरु छनौट गरी मन्त्रालया पठाउनु पर्नेछ ।

(६) प्रदेश सरकारबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको जानकारी मन्त्रालयले सम्वन्धित विषयगत मन्त्रालय र स्थानीय तहमा दिनुपर्नेछ।

(७) माथि जुनसुकै व्यवस्था उल्लेख भए तापनि चालु आ.व. २०७८।७९ को हकमा प्रदेश सरकारले

आवश्यकता र औचित्यताका आधारमा सशर्त अनुदान अन्तर्गतका कार्यक्रम छनौट गर्न सक्नेछ ।

(८) दफा ५ बमोजिमको योजना तथा कार्यक्रमको छनौटका लागि तपसिल बमोजिमका योजना छनौट समिति रहनेछः-

(क) अर्थ मन्त्री, अर्थ मन्त्रालय - संयोजक

(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सचिव

(ङ) उप सचिव, वित्त व्यवस्थापन महाशाखा - सदस्य सचिव

(९) समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

६. <u>बार्षिक बजेटमा समावेश गर्नु पर्ने</u> : (१) स्थानीय तहले सशर्त अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गर्नु पर्नेछ।

(२) चालु आ.व. २०७८/०७९ को हकमा स्थानीय तहले सशर्त अनुदानको रुपमा छनौट भएका आयोजना तथा कार्यक्रमहरु कार्यपालिकाबाट अनुमोदन गराई कार्यान्वयन गर्न सक्नेछ ।

७. <u>अनुदान रकम खर्च गर्ने विधि र प्रकृया</u> : (१) स्थानीय तहले सशर्त अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ :-

(क) सशर्त अनुदान रकम जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही योजना तथा कार्यक्रममा सो रकम खर्च गर्नु पर्नेछ।

(ख) स्थानीय तहले प्राप्त गर्ने सशर्त अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ।

(ग) सशर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ तथा सार्वजनिक खरिद ऐनको व्यवस्थाहरुको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी तवरले गर्नु पर्नेछ।

(घ) सशर्त अनुदान बापत प्राप्त रकम अन्यत्र खर्च शीर्षकहरुमा रकमान्तर गरिने छैन।

(ङ) सशर्त अनुदान बापत प्राप्त रकमबाट सञ्चालित आयोजना तथा कार्यक्रम सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्नु पर्नेछ।

(च) सशर्त अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजनाको कार्य प्रगतिको आधारमा दुई किस्तामा गरिनेछ ।

(छ) सशर्त अनुदानको पहिलो किस्ता सोही आर्थिक वर्षको भाद्र मसान्त भित्र हस्तान्तण गरिसक्नु पर्नेछ

तर चालु आ.व. २०७८/७९ को हकमा एकमुष्ट रुपमा अनुदान रकम उपलब्ध गराउने सक्नेछ ।

(ज) सशर्त अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

(झ) सशर्त अनुदानबाट हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमहरुको वित्तीय र भौतिक प्रगतिको अनुगमन प्रदेशको विषयगत मन्त्रालयले गर्नु पर्नेछ ।

(२) सशर्त अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट सो आयोजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा मन्त्रालयले त्यस्तो अनुदान बापत उपलव्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने समानीकरण अनुदान रकमबाट कट्टा गर्न सक्ने छ।

(३) कुनै मनासिव कारणले अनुदान रकम खर्च हुन नसकेमा खर्च हुन बाँकी रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ तथा सो को जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

८. <u>रकमको निकासाः</u> (१) प्रदेश सरकारले स्थानीय तहको कुनै योजना तथा कार्यक्रममा हस्तान्तरण हुने सशर्त अनुदानको रकम दुई किस्तामा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत स्थानीय तहलाई निकासा दिनेछ ।

(२) स्थानीय तहले रकमको निकासा माग गर्दा कार्यक्रम वा योजना कार्यान्वयनको अवधि, वित्तीय तथा

भौतिक प्रगतिको अवस्था र खर्चको विवरण समेतका कुराहरु समावेश गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेपछि मात्र बाँकी किस्ताको रकम निकासा दिनेछ।

९. **आयोजनाको समयावधि थप नहुने** : सशर्त अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ। तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि रकम निकासा दिइने छैन।

१०. **आयोजनाको संचालन र कार्यान्वयन** : (१) योजना तथा कार्यक्रम संचालन गर्दा सोको पारदर्शिता, एवं प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) योजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा ध्यान पुऱ्याउनु पर्नेछ।सो को लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समूदायबाट समेत निगरानी गर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले योजना तथा कार्यक्रम संचालनको क्रममा कामको गुणस्तर मापन गर्ने संयन्त्र सुदृढ बनाउनु पर्दछ र आयोजना सम्पन्न भएको छोटो अवधिमा नै त्यसको गुणस्तरमा ह्रास

आएको खण्डमा मन्त्रालयले सोको छानविन गरी आवश्यक कारबाही अघि बढाउने छ ।

(४) सशर्त अनुदानमा सञ्चालन गरिने परियोजनाहरुमा कन्टिन्जेन्सी बापत लागतको दुई प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

११. **अनुगमन सम्बन्धी व्यवस्था** : (१) सशर्त अनुदानबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको उप प्रमुखको अध्यक्षतामा रहने योजना कार्यक्रम अनुगमन समितिले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) सशर्त अनुदानबाट स्थानीय तहले संचालन गरेका योजना तथा कार्यक्रमहरु प्रभावकारी, उपलव्धिमूलक र पारदर्शी किसिमले सोही आर्थिक वर्षभित्र सम्पन्न भए नभएको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्न देहायको अनुगमन समिति रहनेछः

(क) योजना कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभामा निर्वाचित प्रदेश सभा सदस्य -अध्यक्ष

(ख) उक्त क्षेत्रबाट प्रतिनिधित्व गर्ने अन्य प्रदेश सभा सदस्य(सबै) -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(घ) प्रदेश नीति तथा योजना आयोगले तोकेको योजनाको विषय क्षेत्रसँग सम्बन्धित अधिकृत स्तरको एक प्राविधिक -सदस्य

(ङ) सम्बद्ध स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमन कार्य गर्दा कुनै खर्च आवश्यक पर्ने भएमा त्यो खर्च परियोजनाको कन्टिन्जेन्सीबाट व्यहोरिनेछ।

१२. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u> : (१) सवै स्थानीय तहले आफ्नो क्षेत्रमा सशर्त अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमहरुको दफा ११ को उपदफा (१) बमोजिम अनुगमन प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) दफा ११ को उपदफा (२) बमोजिमको अनुगमन समितिले अनुगमन गरी प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१३. <u>सशर्त अनुदान रोक्का हुन सक्ने</u> : (१) स्थानीय तहले संचालित योजना तथा कार्यक्रमहरुको दफा ११ उपदफा (१) बमोजिम अनुगमन वा दफा ११ उपदफा

(२) बमोजिम प्रतिवेदन पेश नगरेमा वा सोही आर्थिक वर्ष भित्र कार्य सम्पन्न नगरेमा वा सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र आवश्यक विवरणहरु पेश गरी कामको गुणस्तरमा आवश्यक सुधार गर्दै समयमा कार्य सम्पन्न गर्ने प्रत्याभूति स्थानीय तहले दिएमा र सो मन्त्रालयलाई उपयुक्त लागेमा उपदफा (१) बमोजिमको रोक्कालाई फुकुवा गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (२) बमोजिम गठन भएको अनुगमन समितिले पेश गरेको प्रतिवेदनको आधारमा सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना निर्दिष्ट उद्देश्य पूर्ति गर्न असमर्थ रहेको पाइएमा सो स्थानीय तहलाई आगामी वर्षमा मन्त्रालयले दिने अनुदान रोक्का गर्न सक्नेछ।

१४. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

१५. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै कठिनाई तथा बाधा अडकाउ आएमा मन्त्रालयले

आवश्यक निर्णय गरी त्यस्ता कठिनाई तथा बाधा अडकाउ फुकाउन सक्नेछ।

अनुसूची -१

(कार्यविधिको नियम ५ (५) सँग सम्वन्धित)

**सशर्त अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम**

१. कार्यक्रम कार्यन्वयन गर्ने स्थानीय तहको नाम :

२. जिल्ला :

३. वडा नं./टोलको नाम :

४. फोन, फ्याक्स र इमेल :

५. कार्यक्रम वा आयोजनाको नाम :

६. कार्यक्रम वा आयोजनाको छोटकरी विवरणः

७. कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

८. कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्याः

९. कार्यक्रम र आयोजनाको कूल लागत रु. :

१०. मन्त्रालयले योजना तथा कार्यक्रम छनौट गरेको मिति :

११. दफा ५(४) मा उल्लिखित विषयहरु :

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रमको सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेट विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विवरणहरु

संलग्न आवश्यक कागजातहरु :

१. ................................

२. ................................

पेश गर्ने

दस्तखतः

पदः

मितिः

आज्ञाले,

गजेन्द्र कुमार ठाकुर

प्रदेश सचिव



कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय, प्रदेश नं.२ बाट प्रकाशित